**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**आन्तरिक राजस्व विभाग**

# सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धमा आन्तरिक राजस्व विभागवाट बहुमूल्य धातु वा वस्तुको कारोवार गर्ने व्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२

**जारी मिति: २०८२/०३/३०**

**पृष्ठभूमिः**

सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण गर्ने सम्वन्धमा बहुमूल्य धातु वा वस्तुको कारोवारमा स्वच्छता एवं पारदर्शिता कायम गर्दै सूचक सँस्थाहरुको काम कारवाहीलाई नियमन गरी थप व्यवस्थित गर्न वाञ्छनीय भएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७न. को उपदफा (२) बमोजिम नेपाल सरकारको मिति २०७५/०७/२५ को निर्णयानुसार आन्तरिक राजस्व विभागलाई सो को नियमनकारी निकाय तोकेको हुँदा सोही ऐनको दफा ७प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी विभागले यो निर्देशन जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशनको नाम "**सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्वन्धमा बहुमूल्य धातु वा वस्तुको कारोवार गर्ने व्यवसायी (सूचक संस्था) लाई जारी गरेको निर्देशन, २०८२**" रहेको छ।

(२) यो निर्देशन तुरुन्त लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा

(क) "ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "ग्राहक" भन्नाले सूचक संस्थासँग व्यावसायिक सम्बन्ध स्थापना गर्ने वा कारोबार गर्ने व्यक्ति वा कानूनी प्रबन्ध सम्झनु पर्छ र सो शब्दले व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गर्न प्रयास गर्ने व्यक्ति वा कानूनी प्रबन्धलाई समेत जनाउँछ।

(ग) "नियमावली" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०८१ सम्झनु पर्छ।

(घ) "बहुमूल्य धातु वा वस्तु" भन्नाले नियमावलीको नियम १४ बमोजिम अनुसूची १ मा उल्लेख भएका प्राकृतिक वा प्रशोधित जुनसुकै स्वरुपका सुन, चाँदी, प्लाटिनम, इरिडियम, ओस्मियम, पालाडियम, रोडियम, रुथेनियम, डायमण्ड, सफायर, रुबी, इमेराल्ड, जेड, पर्ल, कोरण्डम, एकुमेरीन र दुई प्रतिशत वा सो भन्दा वढी सुन, चाँदी, प्लाटिनम, इरिडियम, ओस्मियम, पालाडियम, रोडियम,

रुथेनियम मिश्रण भएका वा समावेश गरिएका अन्य धातु वा वस्तु, तिनका अवस्क (ore) वा त्यस्तो धातुवाट वनेको गहना सम्झनु पर्छ।

(ङ) “वित्तीय जानकारी इकाई” भन्नाले ऐनको दफा ९ बमोजिमको वित्तीय जानकारी इकाई सम्झनु पर्छ।

(च) “विभाग” भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(छ) “सूचक संस्था" भन्नाले बहुमूल्य धातु वा वस्तुको कारोवार गर्ने आयातकर्ता, वितरक, थोक बिक्रेता वा खुद्रा बिक्रेतासमेतका व्यवसायी सम्झनु पर्छ।

## परिच्छेद २

## संरचनागत व्यवस्था

**३. निर्देशनको पालना :** सूचक संस्थाले यो निर्देशनको पालना ऐन र नियमावलीको अधीनमा रही गर्नु, गराउनु पर्नेछ।

**४.जोखिम मूल्याङ्कन तथा व्यवस्थापन :** (१) सूचक संस्थाले ऐनको दफा ७घ. र दफा ३५ बमोजिम देहायको आधारमा जोखिमको पहिचान तथा मुल्यांकन गर्नुपर्नेछ।

(क) राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन,

(ख) सम्पत्ति शुद्धीकरण तथा आताङ्कवादी कार्यमा वित्तीय लगानी सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन,

(ग) व्यवसायिक सम्बन्धको प्रकृतिउ ,द्देश्य र अवधि,

(घ) सम्बन्धित निकायले निर्धारण गरेको अन्य आधार।

(२) उपबुँदा )१( बमोजिम जोखिम मूल्याङ्कन गर्नु अघि ऐनको दफा ३५ को उपदफा )२( बमोजिम मूल्याङ्कन पद्धति तथा वस्तुगत आधार तयार गरी मूल्याङ्कनको कार्य शुरु गर्नुभन्दा अगाडी नियमनकारी निकाय समक्ष पेश गर्नुपर्नेछ।

)३( सूचक संस्थाले जोखिम मूल्याङ्कन प्रतिवेदन अनुसार जोखिमको व्यवस्थापन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) जोखिमलाई उच्च,न्यून आधारमा वर्गीकरण गर्ने ,मध्यम ,

(ख) जोखिम मूल्याङ्कन तथा सो को अद्यावधिक लिखित अभिलेख राख्ने,

(ग) त्यस्तो अभिलेख विभाग र अन्य सम्बद्ध निकायले माग गरेमा शीघ्र उपलब्ध गराउनु पर्ने,

(घ) जोखिम मूल्याङ्कनमा उच्च जोखिम देखिएका ग्राहकको हकमा बृहत् ग्राहक पहिचानको उपाय अवलम्बन गर्ने,

(ङ) विभागले निर्धारण गरेका अन्य कुनै आधार।

)४( सूचक सँस्थाले जोखिम मूल्याङ्कन प्रतिवेदन ऐनको दफा ३५ज. बमोजिमको स्वतन्त्र समीक्षा गराउनु पर्नेछ।

५. **नीति तथा कार्यविधि बनाई लागू गर्ने**: सूचक संस्थाले ऐनको दफा ७त. को उपदफा (१) बमोजिम नीति तथा कार्यविधि बनाई लागू गर्दा सोही दफाको उपदफा मा तोकिएका व्यवस्थाहरूका अतिरक्त (२) -: देहायका विषयहरूलाई समेत समावेश गर्नु पर्नेछ

(क) कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन,

(ख) जोखिम व्यवस्थापनको आधार र पद्धति,

(ग) जोखिममा आधारित ग्राहक तथा कारोवारको पहिचान तथा अद्यावधिक व्यवस्था,

(घ) अस्वभाविक तथा शङ्कास्पद कारोवारको पहिचान गर्ने आधार र पद्धति,

(ङ) विभाग र सम्बन्धित निकायले समयसमयमा दिएका निर्देशनहरू।

६. **सूचीकृत व्यक्ति, समूह वा संगठनको सम्पत्ति तथा कोष रोक्का सम्बन्धमा:** (१) सूचक संस्थाले ग्राहक पहिचान लगायत अन्य काम कारोबार गर्दा ऐनको परिच्छेद ६ख. तथा नियमावलीको परिच्छेद ६ मा उल्लिखित व्यवस्थाको प्रभावकारी पालना भएको कुराको सुनिश्चित गर्नु पर्नेछ।

(२) सूचक संस्थाले यस निर्देशनमा उल्लेख भएका व्यवस्था ऐनको दफा २ को खण्ड (ङ१), दफा ७ध१. र परिच्छेद ६ख. बमोजिम आम विनाशका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानीका सन्दर्भमा समेत लागू गर्नु पर्नेछ।

७. **आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गर्नुपर्ने :** (१) ऐन, नियमावली, र यो निर्देशन बमोजिम सूचक संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जोखिम मूल्याङ्कन तथा व्यवस्थापन, परिपालना परिक्षण, जनशक्ति र साधन स्रोतको समुचित व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित सूचक संस्था, सञ्चालक समिति, व्यवस्थापन समिति वा त्यस्तै प्रकृतिको अन्य समिति, संस्था वा प्रमुख व्यक्तिको हुनेछ।

(२)सूचक संस्थाले ऐनको दफा ७त. को उपदफा (३) बमोजिम व्यवस्थापनस्तरको कर्मचारी वा पदाधिकारीलाई कार्यान्वयन अधिकारी तोकी निजको नाम थर,ठेगाना सम्पर्क नम्बर लगायतको विवरण विभाग र वित्तिय जानकारी इकाईलाई तत्काल दिनुपर्ने छ।

(३) उपबुँदा (२) बमोजिमको व्यक्ति वा विवरण परिवर्तन भएमा सोही बमोजिमको विवरण तत्काल उपलब्ध गराउनु पर्नेछ।

उप (४)बुँदाबमोजिम (२) तोकिएको कार्यान्वयन अधिकारीले ऐनको दफा ७त. को उपदफा )४( मा उल्लिखित कामकर्तव्य र अधिकारका अतिरिक्त देहाय बमोजिमको जिम्मेवारी समेत , -: पूरा गर्नु पर्नेछ

(क) ऐननियमावली र यस निर्देशन बमोजिमको कार्य प्रभावकारी रुपमा कार्यान्वयन , ,गर्ने गराउने

(ख) ऐन नियमावली र यो निर्देशन बमोजिमको कार्य प्रभावकारी ,रुपमा गर्न नीति , ,कार्यविधि र प्रणालीको मस्यौदा तयार गरी पेश गर्ने

(ग) आफ्नो कार्यालयका पदाधिकारीनियमावली र ,कर्मचारी र अन्य व्यक्तिबाट ऐन , यो निर्देशन बमोजिम प्राप्त शङ्कास्पद वा अस्वाभाविक कारोबार सम्बन्धी सूचना ,प्राप्त गरी जाँचबुझ गर्ने

(घ) आफ्नो कार्य सम्पादन गर्न अन्य शाखा वा पदाधिकारीसँग आवश्यक जुनसुकै कागजात,विवरण वा सूचना सरल तरिकाले जुनसुकै बखत प्राप्त गर्न सक्ने ,

(ङ) सरोकारवालाहरुबाट ऐननियमावली र यो निर्देशन पालना भए नभएको अनुगमन , गरी प्रतिवेदन पेश गर्ने।

(५)कार्यान्वयन अधिकारीले ऐन नियमावली र यो ,निर्देशन कार्यान्वयन गर्ने सिलसिलामा माग गरेको आवश्यक सूचनाअभिलेख वा विवरण उपलब्ध नगराउने ,कागजात ,जानकारी , सम्बन्धित सूचक संस्थाका पदाधिकारी वा कर्मचारीलाई कारवाहीको सिफारिश गर्नु पर्नेछ र सो सिफारिश बमोजिम सम्बन्धित सूचक संस्थाले कारवाही गर्नु पर्नेछ। त्यसरी गरेको कारवाहीको जानकारी विभाग र वित्तीय जानकारी इकाईलाई समेत गराउनु पर्नेछ।
नियमावली र यस निर्देशनको पालनालाई प्रभावकारी एवं परिणाममुखी बनाउनका ,ऐन (६) व्यवस्थापन र ,लागि सूचक संस्थाले संस्थागत क्षमता अभिवृद्धिका अतिरिक्त लगानीकर्ता कर्मचारीहरुलाई अभिमुखीकरण वा तालिमको व्यवस्था मिलाउनु पर्दछ।

## परिच्छेद – ३
## कार्यगत व्यवस्था

**८.ग्राहकको पहिचान गर्नुपर्नेः** (१) सूचक संस्थाले ऐनको दफा ७क. को उपदफा (४) बमोजिम ग्राहकको पहिचान तथा सोको सम्पुष्टि गर्दा नियमावलीको नियम ३ बमोजिम नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेख वा उक्त अभिलेखमा नागरिक एप मार्फत पहुँच प्राप्त गरी गर्न सक्नेछ।

(२) सूचक संस्थाले उपबुँदा (१) बमोजिम ग्राहक पहिचानको सम्पुष्टी गर्दा नियमावलीको नियम ३ को उपनियम (२) वा (३) बमोजिम निजको राष्ट्रिय परिचयपत्रमा उल्लिखित मोबाईल नम्बर वा विद्युतिय ल्याप्चे वा हस्ताक्षरबाट गर्न सक्नेछ।

(३) उपबुँदा (१) वा (२) बमोजिम ग्राहक पहिचान तथा सो को सम्पुष्टि गर्न विषयगत वा प्राविधिक कारणले सम्भव नभएमा ऐनको दफा ७क. को उपदफा र (४) ४ नियमावलीको नियम र ५ बमोजिम हुने गरी आन्तरिक व्यवस्था मिलाउनुपर्नेछ।

(४) उपबुँदा (१), (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक दिनमा दशलाख रुपैंया वा सोभन्दा कम रकमको कारोबार गर्ने ग्राहकको विवरण लिने नलिने सम्बन्धमा सूचक संस्थाले आवश्यक व्यवस्था गर्नेछ।

तर, नियमावलीको नियम ९ बमोजिम सरलिकृत ग्राहक पहिचान हुन नसक्ने अवस्थामा अनिवार्यरुपमा ग्राहकको पहिचान तथा सम्पुष्टि गर्नु पर्नेछ।

(५) सूचक संस्थाले देहायका ग्राहक तथा कारोबारका सम्वन्धमा वास्तविक धनीको पहिचानको सम्पुष्टि गर्नु पर्नेछः-

(क) ग्राहक जोखिमयुक्त वा उच्च पदस्थ व्यक्ति वा त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा सम्बद्ध व्यक्ति भएको देखिएमा,

(ख) ग्राहकको काम कारवाही शंकास्पद देखिएमा, वा

(ग) सूचिकृत व्यक्ति, समूह वा संगठन वा सो मा सम्बद्ध भएमा।

**९.ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने अवस्थाः** (१) सूचक संस्थाले देहाय बमोजिमको कार्य गर्दा ग्राहकको सही रुपमा पहिचान तथा सोको सम्पुष्टि भरपर्दो स्रोतबाट प्राप्त कागजात, तथ्याङ्क वा जानकारीका आधारमा गर्नु पर्नेछः-

(क) व्यावसायिक सम्बन्ध स्थापना गर्दा,

(ख) ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा रु १० लाख रूपैयाँभन्दा वढी रकमको कारोवार गर्दा,

(ग) ग्राहकको पहिचानको लागि पहिले लिएको जानकारीको सत्यता वा पर्याप्ततामा शङ्का लागि थप सम्पुष्टि गर्नु पर्दा,

(घ) सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी कार्यमा वित्तीय लगानी भएको शङ्काका लागि थप सम्पुष्टि गर्नु पर्दा,

(ङ) उच्च जोखिमयुक्त ग्राहक वा उच्चपदस्थ व्यक्ति वा त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा सम्वद्ध व्यक्ति भएको देखिएमा प्रत्येक कारोबार गर्दा, वा

(च) विभागले तोकिदिएको अन्य कुनै कार्य गर्दा।

(२) सूचक संस्थाले बेनामी वा काल्पनिक नाममा कुनै प्रकारको कारोवार गर्न वा गराउन हुदैन।

(३) ऐनको दफा ७छ. को उपदफा (१) बमोजिम विद्यमान ग्राहकको पहिचान तथा सम्पुष्टि अद्यावधिक गर्दा देहायको समयावधिमा गर्नु पर्नेछ-ः

(क) उच्च जोखिम देखिएका ग्राहकको कम्तीमा ६ महिनामा एक पटक,

(ख) ग्राहकको पहिचान विवरण अनुरुप कारोबार मेल नखाएको अवस्थामा तत्काल,

(ग) ग्राहकको पहिचान विवरणमा उल्लिखित सूचनाजानकारी तथा तथ्याङ्कको सत्यता , ,वा पर्याप्तताको बारेमा शङ्का लागेको अवस्थामा तत्काल

(घ) अन्य जोखिम भएको अवस्थामा जोखिम सापेक्ष हुने गरी सूचक संस्थाले निर्धारण गरे बमोजिम।

)४ (ग्राहकको पहिचानको अभिलेख अद्यावधिक गर्दा देहायका प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-

(क) प्रत्यक्ष,अप्रत्यक्ष र अनौपचारिक सूचनाको विश्लेषण गर्ने ,

(ख) वित्तीय जानकारी इकाईमा पठाउनुपर्ने न्यूनतम सूचना र जानकारी सङ्कलन गर्ने,

(ग) अभिलेख अद्यावधिक हुन नसकेका ग्राहकको अलग्गै विवरण तयार गर्ने।

**१०.जोखिममा आधारित उच्च पदस्थ व्यक्तिहरुको पहिचान :** (१) सूचक संस्थाले ऐनको दफा ७ख. को उपदफा(२) र नियमावलीको नियम ९५ बमोजिम ग्राहकको रुपमा आउने उच्च पदस्थ व्यक्तिको पहिचान गरी विवरण नियमित रुपमा अद्यावधिक गर्दै सुरक्षित राख्नुपर्नेछ।

उच्च पदस्थ व्यक्तिको परिवारका सदस्य वा नजिकको सम्बन्ध (२)भएकोनभएको यकीन / गर्नुपर्दछ।

)३उच्च पदस्थ व्यक्तिको (, निजको परिवारका सदस्य वा नजिकको सम्बन्ध भएको व्यक्तिको पहिचान गर्दा देहाय बमोजिमको प्रक्रिया अवलम्बन गर्न सकिनेछ -:

(क) ग्राहकबाट सूचना लिने,

(ख) सार्वजनिक रुपमा उपलब्ध सूचना ग्रहण गर्ने,

(ग) सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरुको विश्लेषण गर्ने,

(घ) व्यवसायिक रुपमा उपलब्ध तथ्याङ्क लिने,

(ङ) सूचक संस्थाले देखेका अन्य उपायहरु।

**११.बृहत ग्राहक पहिचान सम्वन्धमा:** (१) सूचक संस्थाले कारोवार गर्दा ऐनको दफा ७ङ. को उपदफा (१) र नियमावलीको नियम ८(१) को व्यवस्था अनुरुप देहाय बमोजिम वृहत् ग्राहक पहिचान गर्नुपर्नेछ।

(क) उच्च जोखिमयुक्त देखिएको ग्राहक,

(ख) आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रवृत्तिको कारोबार गर्ने ग्राहक

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तराष्ट्रिय मापदण्ड पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी अन्तराष्ट्रिय रुपमा पहिचान भएको मुलुकको ग्राहक,

(घ) उच्चपदस्थ व्यक्ति र त्यस्तो व्यक्तिको परिवारको सदस्य तथा निजसंग सम्बद्ध व्यक्ति वा ग्राहक,

(ङ) उच्च जोखिमयुक्त नयाँ उपकरण (प्रोडक्ट) वा सेवा प्रयोग गर्ने ग्राहक,

(च) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर वा अन्य कुनै कसुरमा शङ्का लागेको ग्राहक, वा

(छ) विभागले तोकिदिएको अन्य ग्राहक।

)२ (सूचक संस्थाले उपबुँदा (१) बमोजिमका ग्राहकको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष,औपचारिक वा अनौपचारिक रुपमा प्राप्त गरेको सूचनाको विश्लेषण गरी पहिचानलाई अद्यावधिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१२.वास्तविक धनीको पहिचान गर्नु पर्ने:** (१) सूचक संस्थाले व्यावसायिक सम्बन्ध स्थापना गर्दा वा कारोबार गर्दा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्नको लागि आवश्यक मनासिव उपायहरु अपनाउनु पर्नेछ।

(२) सूचक संस्थाले कुनै व्यक्तिले अन्य कुनै व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार सम्बन्धी काम कारबाही गरे वा नगरेको सम्बन्धमा यकिन गर्नु पर्नेछ ।

(३) उपबुँदा (२) बमोजिम यकिन गर्दा कुनै व्यक्तिले अर्को व्यक्तिको तर्फबाट व्यावसायिक सम्बन्ध स्थापना वा कारोबार गरेको देखिएमा सूचक संस्थाले त्यस्तो व्यक्तिको पहिचान तथा सोको सम्पुष्टि सम्बन्धमा दफा ७क. को उपदफा (४) को खण्ड (घ) बमोजिम उपाय अपनाउनु पर्नछ ।

**१३.सरलीकृत ग्राहक पहिचान सम्बन्धमाः** (१) ऐनको दफा ७च. र नियमावलीको नियम (९) बमोजिम सरलीकृत रुपमा पहिचान गरिएका ग्राहकहरुको विवरण समेत राख्नुपर्नेछ ।

**१४.खास कारोबारमा विशेष ध्यान दिनु पर्नेः** (१) सूचक संस्थाले देहायका कारोबारका सम्बन्धमा विशेष ध्यान दिनु पर्नेछ :-

(क) आर्थिक वा कानूनी उद्देश्य स्पष्ट नदेखिने जटिल, ठूलो वा अस्वभाविक प्रवृत्तिको सबै कारोबार,

(ख) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी अन्तराष्ट्रिय मापदण्डको पालना नगर्ने वा आंशिक रुपमा मात्र पालना गर्ने भनी पहिचान भएको मुलुकको व्यक्ति, संस्था वा कानूनी प्रबन्ध, व्यावसायिक सम्बन्ध वा कारोबार, वा

(ग) विभागले तोकिदिएको अन्य कारोबार ।

)२सूचक ( संस्थाले ऐनको दफा ७ढ. बमोजिम खास तथा आर्थिक उद्देश्य स्पष्ट नदेखिने जटिलठूलो , वा अस्वाभाविक प्रकृतिको सबै कारोबारमा विशेष ध्यान दिनु पर्छ र त्यस्ता कारोबारको पृष्ठभूमि तथा उद्देश्यको परीक्षण गर्ने तथा सो बाट प्राप्त निष्कर्षको लिखित अभिलेख सुरक्षित राखी ,वित्तीय जानकारी इकाईनियमनकारी निकाय र अधिकार प्राप्त अधिकारीले माग गरेका वखत तत्काल उपलब्ध गराउनुपर्नेछ।

**१५.प्रतिवेदन तथा परीक्षण**सूचक संस्थाले (१) : ऐन, नियमावली र यो निर्देशन बमोजिम सम्पादन गरेका कार्यहरुको वार्षिक/अर्धवार्षिक प्रतिवेदन अनुसूचीमा उल्लिखित ढाँचामा उक्त अवधि समाप्त भएको एक महिनाभित्र विभागमा पठाउनु पर्नेछ।

सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी नियन्त्रण (२) लेखापरीक्षण ,सम्बन्धी प्रचलित कानून बमोजिम भए गरेका काम कारवाहीको मूल्याङ्कन लगायत अन्य सम्परीक्षण गर्ने व्यवस्था गरनु पर्नेछ।

35 सूचक संस्थाले ऐनको दफा (३)ङ. र नियमावलीको नियम बमोजिम ऐनको दफा ४१ ३५च. अनुसारको सूचीकृत परिपालना परीक्षकबाट प्रत्येक वर्ष ऐनको दफा 35ङ. अनुसारका विषयमा सम्परीक्षण गराई नियमनकारी निकाय समक्ष परिपालना प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपबुँदा (३) बमोजिमको परिपालना परिक्षण आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र सम्पन्न गराउनु पर्नेछ ।

**१६.व्यवसायिक कारोबार र भुक्तानीः** (१) सूचक संस्थाले आफ्नो कारोवार गर्दा व्यवसायिक संस्थाको नाममा रहेको बैंक वित्तिय संस्थामा रहेको खाताबाट गर्नुपर्नेछ। सूचक संस्थाले

व्यक्तिगत खाता वा आफ्ना कर्मचारी परिवारका सदस्य वा अन्य कुनै व्यक्तिको ,बैक वित्तिय संस्थामा रहेको खाता प्रयोग गर्न पाइने छैन।

(२) सूचक संस्थाले एक पटकमा १० लाख रुपैंया वा सो भन्दा बढी रकमको बहुमूल्य धातु वा वस्तु बिक्री गर्दा ग्राहक वा निजको परिवारको बैक वित्तिय संस्थामा रहेको खाताबाट रकम भुक्तानी लिनुपर्नेछ।

**१७.विद्युतिय माध्यमबाट भुक्तानी लिनुदिनुपर्ने**: (१) सूचक संस्थाले खरिद बिक्री गर्दा लिने रकम वा दिने भुक्तानीमा विद्युतिय माध्यमलाई प्राथमिकता दिनुपर्नेछ।

**(२)** विद्युतिय माध्यम मार्फत हुने भुक्तानीमा कुनै सीमा रहेको भएमा बहुमूल्य धातु वा वस्तुको खरिद बिक्री गर्ने सूचक संस्थाको सन्दर्भ उल्लेख गरी सीमा थप हुने व्यवस्था विभागले नेपाल राष्ट्र बैंकलाई अनुरोध गरी आवश्यक व्यवस्था मिलाउनेछ।

## परिच्छेद-४
## वित्तिय जानकारी ईकाई सम्बन्धी कार्य

**१८. वित्तीय जानकारी इकाईको निर्देशन पालना गर्नुपर्ने:** सूचक संस्थाले वित्तीय जानकारी इकाईले जारी गरेको सीमा सम्बन्धी निर्देशन, आदेश, शर्त, मार्गदर्शन पालना गर्नु पर्नेछ।

**१९. सीमा कारोवारको विवरण:** ऐनको दफा १०क. वमोजिम कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा रु १० लाख रूपैयाँ वा सो भन्दा बढी रकमको कारोवार गरेमा त्यस्तो कारोवारको विवरण कारोबार भएको मितिले पन्ध्र दिन भित्र वित्तीय जानकारी ईकाईको goAML प्रणाली मार्फत वा इकाईले तोके बमोजिमको ढाँचामा वित्तीय जानकारी इंकाइमा उपलव्ध गराउनु पर्नेछ। तर, बैंक तथा वित्तिय संस्थाबाट गरेको खरीदमा सीमा कारोबार विवरण पेश गर्नुपर्ने छैन।

**२०. शंकास्पद कारोबारको प्रतिवेदन दिनु पर्ने:** ७ध ऐनको दफा (१). बमोजिमको कुनै अवस्था विद्यमान भएमा सूचक संस्थाले वित्तीय जानकारी इकाईको goAML प्रणाली मार्फत वा इकाईले तोके बमोजिमको ढाँचा मार्फत शङ्कास्पद कारोबार सम्बन्धी प्रतिवेदन तयार गरी तत्काल वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ।

७ध सूचक संस्थाले ऐनको दफा (२).बमोजिम शंकास्पद कारोबारको प्रयास तथा (२) शंकास्पद गतिविधिको सूचना एवं जानकारीवित्तीय जानकारी इकाईको goAML प्रणाली मार्फत वा इकाईले तोके बमोजिमको ढाँचामा तत्काल वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ।

)३अनुसन्धान गर्ने निकायले अनुसन्धानको सिलसिलामा कुनै व्यक्ति वा संस्थाको विवरण वा ( सूचना माग गरेको अवस्थामा वा शङ्कास्पद देखिने नयाँ तथ्य वा विषय जानकारी प्राप्त गरेमा सो समेत वित्तीय जानकारी इकाईलाई अतिरिक्त सूचनाको रुपमा जानकारी दिन सकिनेछ।

)४सूचक संस्थाले शङ्कास्पद कारोबार तथा गतिविधि पहिचान गर्ने सूचक तयार गरी लागू ( समयमा अद्यावधिक गर्नु पर्नेछ-गर्नु पर्नेछ र त्यस्ता सूचक समय।

**स्पष्टीकरण:** शंकास्पद कारोबारको हकमा कुनै रकमको सीमा रहँदैन र कारोबारको प्रयास समेत शंकास्पद कारोबारको दायरामा आउने व्यवस्था रहेको छ।

## परिच्छेद ५
## कारवाही तथा सजाय

**२१.कारवाही तथा सजाय :** (१) ऐन, नियमावली तथा यस निर्देशनका व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने सूचक संस्था र त्यस्तो सूचक संस्थाका कर्मचारी तथा पदाधिकारीहरुलाई ऐन बमोजिम उल्लङ्घनको मात्रा र सोबाट पर्न सक्ने प्रणालीगत प्रभावको आधारमा ऐनको दफा ७फ. बमोजिम विभागले गर्ने कारबाहीको सामान्य आधार देहाय बमोजिम हुनेछ:

| क्र.सं. | पालना नभएको व्यवस्था | कारबाहीको प्रकार |
|---|---|---|
| १ | नीति तथा कार्यविधि नबनाएमा | १ पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ जरिवाना गर्ने।<br>३. तेश्रो पटक १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १ करोड रुपैयाँसम्म जरिवाना गर्ने।<br>४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| २ | ग्राहकको पहिचान सम्बन्धी व्यवस्था कार्यान्वयन नभएमा | १ पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ जरिवाना गर्ने।<br>३. तेश्रो पटक १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा लाख 50 रुपैयाँसम्म जरिवाना गर्ने।<br>४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| ३ | बेनामी वा काल्पनिक नाममा कारोबार गरेको पाईएमा | गाम्भिर्यता आधारमा एक लाख रूपैयाँदेखि एक करोड रुपैंयासम्म जरिवाना गर्ने। |
| ४ | ऐनको परिच्छेद ६ख. को व्यवस्था पालना भएको नपाईएमा | १ पहिलो पटक एक लाख रूपैयाँ जरिवाना गर्ने।<br>२.दोस्रो पटक बाट दश लाख रूपैयाँदेखि गाम्भिर्यता आधारमा एक करोड रूपैयाँसम्म जरिवाना गर्ने। |

| | | |
|---|---|---|
| ५ | उच्चपदस्थ व्यक्तिको पहिचान हुने प्रणालीको व्यवस्था नभएमा | १ पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ जरिवाना गर्ने।<br>३. तेश्रो पटक १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा 50 लाख रुपैयाँसम्म जरिवाना गर्ने।<br>४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| ६ | वास्तविक धनीको पहिचान गर्ने तथा पहिचान अद्यावधिक गर्ने व्यवस्था नभएमा | १ पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ जरिवाना गर्ने।<br>३. तेश्रो पटक १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा 50 लाख रुपैयाँसम्म जरिवाना गर्ने।<br>४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| ७ | जोखिम मुल्याङ्कन भएको नपाईएमा | १ पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ देखि गाम्भिर्यताका आधारमा पचास लाख रूपैयाँसम्म जरिवाना गर्ने।<br>३. तेश्रो पटक पचास लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा एक करोड रूपैयाँसम्म जरिवाना गर्ने।<br>४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| ८ | जोखिम व्यवस्थापन भएको नपाईएमा | १ पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ देखि गाम्भिर्यताका आधारमा पचास लाख रूपैयाँसम्म जरिवाना गर्ने।<br>३. तेश्रो पटक पचास लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा एक करोड रूपैयाँसम्म जरिवाना गर्ने। |

| | | |
|---|---|---|
| | | ४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| ८ | निरन्तर अनुगमन सम्बन्धी व्यवस्था नभएमा | १ पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ जरिवाना गर्ने।<br>३. तेश्रो पटक १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा 50 लाख रुपैयाँसम्म जरिवाना गर्ने।<br>४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| ९ | सीमा वा शंङ्कास्पद कारोबार प्रतिवेदन समयमा नपठाएमा | ऐनको दफा १० को उपदफा (७) बमोजिम वित्तीय जानकारी इकाईले १ करोड रुपैयाँसम्म जरिवाना गर्नसक्ने। |
| १० | कार्यान्वयन अधिकारी नियुक्त नगरेकोमा | १. पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रुपैयाँ जरिवाना गर्ने।<br>३. तेस्रो पटक १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा 50 लाख रुपैयाँसम्म जरिवाना गर्ने।<br>४. त्यसपछि बुँदा नं.३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| ११ | सीमा कारोबारको पहिचान गर्ने प्रणाली नभएमा | १.पहिलो पटक एक लाख देखि १० लाख रूपैयाँसम्म जरिवाना गर्ने।<br>२. त्यसपछि १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा १ करोड रुपैयाँसम्म जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| १२ | सञ्चालक समिति वा त्यस्तै समिति वा पदाधिकारीले गर्नुपर्ने समीक्षा नगरेमा | १ .पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रुपैयाँ जरिवाना गर्ने।<br>३. तेस्रो पटक बाट १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा 50 लाख रुपैयाँसम्म जरिवाना गर्ने। |

| | | |
|---|---|---|
| | | ४.त्यसपछि बुँदा नं. ३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| १३ | तोकिएका विवरणहरुको अभिलेख नराखिएमा वा तोकिएको समयसम्म सुरक्षित नराखिएमा | १.पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक दश लाख रूपैयाँ जरिवाना गर्ने।<br>३. तेस्रो पटकबाट १० लाख रुपैयाँ देखि गाम्भिर्यताका आधारमा 50 लाख रुपैयाँसम्म जरिवाना गर्ने।<br>४.त्यसपछि बुँदा न, ३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |
| १४ | ऐन, नियम, निर्देशनमा उल्लेख भएका अन्य विषयको पालना नभएमा | १.पहिलो पटक लिखितरुपमा सचेत गराउने।<br>२. दोस्रो पटक एक लाख रूपैयाँ जरिवाना गर्ने।<br>३. तेस्रो पटकबाट दश लाख देखि गाम्भिर्यता आधारमा १ करोड रुपैयाँसम्म जरिवाना र अन्य आवश्यक कारवाही गर्ने।<br>४. त्यसपछि बुँदा नं. ३ बमोजिम जरिवाना सहित दर्ता खारेजीसम्मका कारवाही गर्ने। |

(२) विभागले उपदफा (१) बमोजिम कारबाही तथा सजाय गर्दा सफाई पेश गर्न मनासिव मौका दिनुपर्नेछ।

## परिच्छेद ५
## विविध

**२२.सूचनाको गोपनियता**:(१) सूचक संस्थाव्य ,वसायिक पदाधिकारीकर्मचारी तथा अन्य सम्बद्ध , ,कागजात ,नियमावली तथा यस निर्देशन बमोजिम तयार गरिएको प्रतिवेदन ,व्यक्तिहरुले ऐन सूचना वा जानकारी प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्नेछ। ,विवरण ,अभिलेख

)२सूचना ,विवरण ,अभिलेख ,कागजात ,कसैले ग्राहक वा अन्य कुनै व्यक्तिलाई कुनै प्रतिवेदन ( वा जानकारी उपलब्ध गराएकोपाईएमा ऐनको दफा ३७ बमोजिम बचाउ हुने अवस्थामा बाहेक अन्य अवस्थामा दफा ४४क बमोजिम सजाय हुनेछ।

**२३. मान्यताको पालना :** नियमावली त ,सूचक संस्थाले ऐन (१)था यस निर्देशनको अनुकुल हुने गरी सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमावित्तीय लगानी सम्बन्धी प्रणालीको व्यवस्थापन गर्दा , सोसँग सम्बन्धितFinancial Action Task Force (FATF) लगायत अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययनलाई समेत आधार लिन सक्नेछ।

सूचक संस्थाले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी (२)कार्यमा वित्तीय लगानी निवारण लगायत अन्य गैर कानूनी तथा आपराधिक कार्यको नियन्त्रणमा कमजोर देखिएका मुलुकको सूची तयार तथा अद्यावधिक गरी राख्नु पर्नेछ।

२४. **अभिलेख व्यवस्थापनः** (१)सूचक संस्थाले ऐनको दफा ७छ को उपदफा (१) बमोजिम कुनै व्यक्ति नियमित ग्राहक भएमा त्यस्तो ग्राहक वा वास्तविक धनी यथार्थ हो होइन भन्ने द्विविधा वा शंका लागेमा जोखिम विश्लेषण गरी निजको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

(२) सूचक संस्थाले ऐनको दफा ७द. र नियमावलीको नियम १ ,बमोजिम तयार भएका विवरण ४ सूचनाहरु व्यवसायिक सम्वन्ध अन्त्य भएको वा ,अभिलेख ,प्रतिवेदन ,जानकारी ,सूची कारोवार भएको मितिले पाँच वर्ष सम्म सुरक्षित राख्नुपर्नेछ। साथैउपरोक्त विवरणहरु , आवश्यक परेको बखत तत्काल उपलव्ध गराउन सकिने गरी विद्युतीय माध्यममा समेत अभिलेख राख्नुपर्नेछ। यसरी राखेको अभिलेख कानुनी कारवाहीको सिलसिलामा प्रमाण स्वरुप प्रयोग गर्न सकिने गरी एकिकृत र व्यवस्थित तवरले दुरुस्त राख्नु पर्नेछ।

२५. **निरिक्षण, सुपरिवेक्षण:** विभागले जोखिमको आधारमा सूचक संस्थाको अनुगमन, निरीक्षण, सुपरिवेक्षण गर्नेछ। उक्त कार्यमा सूचक संस्थाले हरतरहले सहयोग गर्नु सूचक संस्थाको कर्तव्य हुनेछ।

२६. **व्याख्या गर्ने अधिकारः** (१) यो निर्देशनको व्याख्या गर्न अधिकार विभागका महानिर्देशकमा रहनेछ।

(२) यस निर्देशनमा आवश्यकता अनुसार विभागले परिमार्जन गर्न सक्नेछ।

२७.**खारेजी र बचाउ** (१) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्वन्धमा आन्तरिक राजस्व विभागवाट बहुमूल्य धातु वा वस्तुको कारोवार गर्ने व्यवसायी (सूचक संस्था)लाई जारी गरिएको निर्देशन, २०७७ खारेज गरिएको छ ।

(२) उपबुँदा (१) बमोजिम खारेज गरिएको निर्देशन बमोजिम भए गरेको कामकारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(बुँदा नं १५

सँग सम्बन्धित)

<u>प्रतिवेदनको ढाँचा</u>

सूचक संस्थाको नाम, ठेगानाः .... ..... .......................

साल..................महिनाः- .................

(ख) विवरण

१. नीति तथा कार्यविधि जारी गरेको मितिः

२. नीति तथा कार्यविधि अद्यावधिक गरेको मितिः

३. जोखिम मूल्याङ्कन सम्पन्न गरेको मितिः

४. जोखिम मूल्याङ्कन अद्यावधिक गरेको मितिः

| सि.नं. | विवरण | आ.व. | प्रथम अर्धवार्षिक | दोश्रो अर्ध वार्षिक | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| (१) | ग्राहक संख्या | | | | | |
| (२) | पहिचान अद्यावधिक भएका ग्राहकको संख्या | | | | | |
| (३) | पहिचान अद्यावधिक हुन नसकेका ग्राहकको संख्या | | | | | |
| (४) | पहिचान पूरा नभएका कारण सम्बन्ध अन्त्य गरिएका ग्राहकको संख्या | | | | | |
| (५) | उच्च जोखिममा परेका ग्राहकको संख्या | | | | | |
| (६) | मध्यम जोखिममा परेका ग्राहकको संख्या | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (७) | न्यून जोखिममा परेका ग्राहकको संख्या | | | | | |
| (८) | वृहत पहिचान गरिएका ग्राहकको संख्या | | | | | |
| (९) | उच्च पदस्थ पदाधिकारीको संख्या | | | | | |
| (१०) | वास्तविक धनी पहिचान गरिएका ग्राहकको संख्या | | | | | |
| (११) | अनुगमन गरिएको ग्राहकको संख्या | | | | | |
| (१२) | सीमा कारोबार प्रतिवेदनको संख्या | | | | | |
| (१३) | शंकास्पद कारोबार प्रतिवेदनको संख्या | | | | | |
| (१४) | क्षमता अभिवृद्धि<br>(क) पदाधिकारी<br>(ख) कर्मचारी<br>(ग) संस्थागत प्रणाली | | | | | |
| (१५) | अन्य आवश्यक विवरण | | | | | |

(ग) उक्त अवधिमा गरिएका प्रमुख गतिविधि तथा चुनौतीः

(घ) आगामी कार्य योजनाः

विवरण पेश गर्नको हस्ताक्षरः

(कार्यान्वयन अधिकृत/ आधिकारिक प्रतिनिधि)

नामः

पदः

फोनः

इमेलः

फ्याक्सः

मितिः